**आकाशवाणी समाचार- नेपाली**

**मितिः १७ जूलाई २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदीले आज हरियाणा, चण्डीगढ र पञ्जाबको भ्रमण गर्नुहुनेछ। प्रधान मन्त्रीले हरियाणाको जिन्द रेलवे स्टेशनमा जीन्द र सोनीपतको बीच हाइड्रोजनबाट चल्ने पहिलो रेललाई हरियो झन्डा देखाउनु हुनेछ।
- गृहमन्त्री अमित शाह आजदेखि तीन दिवसीयपश्चिम बंगालको भ्रमणमा रहनु हुनेछ ।
- संसदको मनसुन सत्र यसै महिनाको 20 तारिख देखि शुरु हुँनेछ |
- नेशनल परीक्षा एजेन्सी NTA ले NEET UG 2026 को पुन: परीक्षाको नतिजा घोषणा गरेको छ।
- इंग्लैंडले दोस्रो एकदिवसीय म्याचमा भारतलाई चार विकेटले पराजित गरेको छ ।

**पीएम-हरियाणा हाइट्रोजन ट्रेन**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज हरियाणा, चण्डीगढ र पञ्जाबको भ्रमण गर्नुहुनेछ। भ्रमणका क्रममा प्रधान मन्त्रीले हरियाणाको जिन्द रेलवे स्टेशनमा जीन्द र सोनीपतको बीच हाइड्रोजनबाट चल्ने पहिलो रेललाई हरियो झन्डा देखाउनु हुनेछ। प्रधान मन्त्रीले जीन्दको एकलव्य स्टेडियममा लगभग 14 हजार सात सय करोड रुपियाँ लागतको विभिन्न विकास परियोजनाहरू राष्ट्रलाई समर्पण गर्नुहुनेछ र शिलान्यास गर्नुहुनेछ। त्यस अवसरमा प्रधानमन्त्रीले एक सभालाई पनि सम्बोधन गर्ने कार्यक्रम रहेको छ । पहिलो हाइड्रोजन संचालित ट्रेनको सुरूवात रेलवे क्षेत्रमा स्वच्छ र दिगो यातायात अपनाउने दिशामा एक महत्वपूर्ण कदम हो। भारतमा डिजाइन, इंजीनियरिंग र एकीकृत गरिएको सो रेललाई स्वदेशी तकनीक प्रयोग गरी विकास गरिएको हो । यसले उन्नत रेलवे ईन्जिनियरिंगमा देशको बढ्दो क्षमताहरूलाई दर्शौंदछ। यससँगै भारत हाइड्रोजनबाट चल्ने रेलहरू सञ्चालन गर्ने देशहरूको सूचीमा सामेल भएको छ। यसमा जर्मनी, जापान, चीन र संयुक्त राज्य अमेरिका शामेल छन्।
प्रधानमन्त्री मोदी जीन्दपछि चण्डीगढ प्रस्थान गर्ने गर्नु हुनेछ । प्रधान मन्त्रीले चण्डीगढमा चार हजार सात सय करोड रुपिया भन्दा अधिकको विभिन्न विकास परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुहुनेछ। सो अवसरमा उहाँले जनसभालाई पनि सम्बोधन गर्नु हुनेछ । त्यसपछि प्रधान मन्त्री पञ्जाबको जालन्धर जानु हुनेछ , जहाँ उहाँले पाँच हजार चार सय सत्तर करोड रुपियाँ भन्दा अधिकको धेरै विकास परियोजनाहरूको शिलान्यास र उद्धाटन गर्नुहुनेछ।

**अमित शाह का पश्चिम बंगाल दौरा**

गृहमन्त्री अमित शाह आजदेखि तीन दिवसीयपश्चिम बंगालको भ्रमणमा रहनु हुनेछ । यस अवधि गृहमन्त्री साहले सीमा सुरक्षा, सुशासन, कानून व्यवस्था र विकास सम्बन्धी विभिन्न कार्यक्रममा सहभागी बन्नु हुनेछ । श्री शाहले भोलि सिलगुडी स्थित जुमागाछ सीमा चौकीको भ्रमण गर्नुहुनेछ अनि 18 औँ बटालियन बोर्डर पोस्टमा सीमा सुरक्षा बलका जवानहरू सित अन्तरक्रिया गर्नुहुनेछ। गृहमन्त्री शाहले बी.एस.एफ.सँग सम्बन्धित विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्धाटन गर्नुहुनेछ। श्री सहाले आज पश्चिम बङ्गालको सीमा सम्बन्धी बैठकको अध्यक्षता पनि गर्नुहुनेछ । गृहमन्त्रीले राज्यमा तीन नयाँ आपराधिक कानूनको कार्यान्वयनको पनि समीक्षा गर्नुहुनेछ।

**प्रधानमंत्री - अमृत स्टेशन - केरल**

प्रधानमंत्री नरेंद्र मोदीले आज वीडियो कॉन्फ्रेंसिंगको माध्यमबाट केरलममा छ पुनर्निर्मित अमृत रेलवे स्टेशनको साथमा देश भरीका 75 अन्य अमृत स्टेशनहरुको उद्धाटन गर्नु हुनेछ । केरलममा यी छ स्टेशनहरुबाट राज्यमा रेलवेको बुनियादी ढाचा र यात्रिहरुको सुविधमा उल्लेखनीय सुधार हुने सम्भावना छ । यी स्टेशनहरुमा तिरुवनंतपुरम खंड अंतर्गत चालकुडी र अंगमाली स्टेशन, अनि दक्षिणी रेलवेको पलक्कड़ खंड अंतर्गत तिरूर, थालस्सेरी, परप्पनंगडी र निलंबूर रोड स्टेशन शामिल छन् । यी उन्नत स्टेशनहरुमा आधुनिक प्लेटफॉर्म, सुद्रिड भवन, आधुनिक प्रतीक्षा कक्ष अनि यात्रिहरुको लागि उन्नत सुविधा उपलब्ध

छन् । जसको उद्देश्य यात्रिहरुलाई अधिक आरामदायक यात्राको अनुभव प्रदान गर्नु हो । अंगमाली र थालस्सेरी रेलवे स्टेशनमा वातानुकूलित प्रतीक्षा कक्ष शुरू गरिएकोछ । पुनर्निर्माणको योजना केरलमका प्रमुख पर्यटन स्थलहरु, सांस्कृतिक केंद्र अनि तीर्थ स्थलहरुलाई परस्पर जोड़न माथि ध्यान केंद्रित गरि निर्माण गरिएको छ । उन्नत बुनियादी ढांचाले राज्यमा रेल यात्रालाई सुद्रिड गरेर पर्यटन अनि क्षेत्रीय आर्थिक गतिविधिलाई बढ़ावा दिनेछ ।

**संशो प्रधानमंत्री - कतर के अमीर**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज कतारका अमीर शेख तमिम बिन हमाद अस्सानी सित कुराकानी गर्नुभयो र पूर्व अमीर शेख हमद बिन खलीफा अस्सानीको निधनमा गहिरो दुःख व्यक्त गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भन्नुभयो, कतारका पूर्व अमिरको चिरस्थायी विरासतले दुवै देशहरूलाई आफ्नो सामरिक साझेदारीलाई अझ बलियो बनाउन प्रेरित गरिरहनेछ। प्रधानमंत्रीले भारत प्रति पूर्व अमीरको विशेष स्नेह, कतरमा भारतीय समुदाय प्रति उहाँको आत्मीय व्यवहार अनि भारत-कतर सम्बन्धलाई सुदृढ़ बनाउने प्रति उहाँको अटूट प्रतिबद्धतालै पनि याद गरिनेछ ।

**एनडीए - बैठक**

संसदको मनसुन सत्र यसै महिनाको 20 तारिख देखि शुरु हुँनेछ | रक्षा मन्त्री राजनाथ सिंहको अध्यक्षतामा गठबन्धनका वरिष्ठ मन्त्रीहरूको बैठकमा भाजपा नेतृत्वको राष्ट्रिय लोकतान्त्रिक गठबन्धनले सदनमा आफ्नो रणनीतिलाई अन्तिम रूप दिनेछ। बैठकमा एनडीएको विधायि एजेन्डा, गठबन्धन के सहयोगिहरूबीच समन्वय र सत्रमा विपक्षीको सामना गर्ने एकीकृत रणनीतिमा ध्यान केन्द्रित हुने सम्भावना छ।

**दिल्ली - स्टार्टअप नीति**

दिल्ली सरकारले स्टार्टअप अनि यसको लागि नीतिगत ढांचालाई स्वीकृति दिएको छ । यस अंतर्गत नवाचार तथा स्वरोजगारलाई बढ़ावा दिन अघिलो पांच वर्षमा 400 करोड़ रुपिया भन्दा अधिकको धनराशि निवेश गरिने छ । दिल्ली की मुख्यमंत्री रेखा गुप्ताले यो नीति दिल्लीका 11 विश्वविद्यालयहरु, 13 सरकारी सहायता प्राप्त कॉलेज, आई.टी.आई अनि सरकारी पॉलिटेक्निक संस्थानहरुको लागि रहेको बताउनु भयो । दिल्ली सरकारका स्कूलहरुका छात्र छात्राहरुले यी संस्थानहरुमा यस नीतिको लाभ उठाउन सक्ने छन् । सफल छात्र छात्राहरुलाई वित्तीय सहायता प्रदान गरिने दिल्लीको मुख्यमंत्री कार्यालयबाट प्राप्त एक बयानमा बताइएको छ । नीतिको कार्यान्वयनको निगरानी गर्न राज्य इन्क्युबेशन नीति निगरानी समिति (एसआईपीसी) गठन गरिनेछ। दिल्ली क्याबिनेटले स्वीकृत गरेको यो नीति अन्तर्गत सरकारले वार्षिक 'दिल्ली स्टार्टअप युथ फेस्टिभल' पनि आयोजना गर्नेछ । यसले युवा नवप्रवर्तनकर्ता, शैक्षिक संस्था, स्टार्टअप, लगानीकर्ता, उद्योग प्रतिनिधि र नीति निर्माताहरूको लागि साझा प्लेटफर्म प्रदान गर्दछ। दिल्लीका मुख्यमन्त्रीले यस नीतिको उद्देश्य दिल्लीलाई देशमा नवीनता र उद्यमशीलताको अग्रणी केन्द्रको रूपमा विकास गर्नु रहेको र युवाहरूलाई उनीहरूको विचारलाई सफल स्टार्टअपमा बदल्न मद्दत सुनिश्चित गर्नु रहेको बताउनु भयो ।

**मांडविया- माई भारत**

उत्तर प्रदेशमा आज माई भारत राष्ट्रिय युवा स्वयंसेवक सम्मेलन आयोजना गरिने छ। यसपछि 18 अनि 19 जुलाईमा दुई दिवसीय चिन्तन शिविर आयोजन हुनेछ । यसको आयोजना युवा मामिला तथा खेलकुद मन्त्रालयले गरिरहेको छ । यस कार्यक्रमको उद्घाटन केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मांडवियाले गर्नु हुनेछ । यस अवसरमा युवा मामिला एवम् खेलकुद राज्य मन्त्री रक्षा निखिल खडसे साथै मन्त्रालयका वरिष्ठ अधिकारीहरू पनि उपस्थित हुनेछन्।
मंत्रालयले भनेको छ माई भारत राष्ट्रीय युवा स्वयंसेवक सम्मेलनमा उत्तर प्रदेशका विभिन्न जिल्लाबाट पंद्रह सय भन्दा अधिक माई भारत युवा स्वयंसेवकहरुले भाग लिने छन् । यी दुवै कार्यक्रमको उद्देश्य युवाको भागीदारीलाई जमीनी स्तरमा सुदृढ पार्नु, संस्थागत तालमेल बढाउनु र युवा नेतृत्व आधारित राष्ट्र निर्माणको लागि भविष्य अनुरुप व्यवस्था विकास गर्नु हो ।

**नीट-यूजी परिणाम**

नेशनल परीक्षा एजेन्सी NTA ले NEET UG 2026 को पुन: परीक्षाको नतिजा घोषणा गरेको छ। 11 लाखभन्दा अधिक  परीक्षार्थीहरु मेडिकल, दंत चिकित्सा, आयुष र अन्य सम्बन्धित कार्यक्रमका लागि उत्तीर्ण भएका छन् । सबै उम्मेदवारहरूको अंक आधिकारिक वेबसाइटमा उपलब्ध neet.nta.nic.in। परीक्षार्थीहरूको भर्ना र काउन्सिलिङ कार्यक्रम सहज रूपमा जारी रहोस् भनेर नतिजा समयमै घोषणा गरिएको प्राधिकरणले जनाएको छ। यस वर्ष भारतका 5 सय 51 शहरहरू र विदेशका 14 शहरहरूमा अवस्थित 5 हजार चार सय चालिस केन्द्रहरूमा लगभग बीस लाख परीक्षार्थीहरू पुन: परीक्षाको लागि उपस्थित भएका थिए।

**रथ यात्रा पुनः शुरू**

भगवान जगन्नाथको विश्व प्रसिद्ध रथयात्रा आज बिहान साढे नौ बजे ओडिशाको पुरीमा पुनः सुरु हुनेछ। हिजो राती अँध्यारोको कारण यात्रा रोकिएको थियो । आज भगवान जगन्नाथ, भगवान बलभद्र र देवी सुभद्राको रथहरू श्री गुन्डिचा मन्दिरतर्फ अघि बड्ने छन् । रथ यात्रामा सहभागी हुन लाखौँ भक्तजन पुरी पुगेका छन् । कडा सुरक्षा व्यवस्था गरिएको छ र भक्तजनहरूलाई प्रशासनको निर्देशन पालना गर्न अपिल गरिएको छ।

**गुजरात- जैश एटीएस**

गुजरातमा आतंकवाद रोधी दस्ता (ए.टी.एस) राष्ट्रिय सुरक्षा एजेन्सी (एन.आई.ए) ले प्रतिबन्धित पाकिस्तान समर्थित आतंकवादी संगठन जैश-ए-मोहम्मद सित सम्बन्धित एक कथित आतंकवादी मोड्युलको अनुसन्धानको सिलसिलामा पाँच जनालाई पक्राउ गरेको छ। पक्राउ परेका अभियुक्तलाई पाटनको सिद्धपुर स्थित खडियाल गाउँबाट पक्राउ गरिएको हो । ए.टी.एस.का अनुसार यस महिनाको सुरुमा पक्राउ परेका जैश-ए-मोहम्मदका आठ कथित सदस्यहरूको पूछताछको क्रममा यी व्यक्तिहरूको नाम  सामने आएको थिए।

जिल्ला अदालतले सबै अभियुक्तलाई 24 जुलाई सम्म एटीएस हिरासतमा राख्न आदेश दिएको छ । 3 जुलाईमा गुजरात ए.टी.एस.ले जैश–ए–मोहम्मदका 8 कथित सदस्यलाई गुजरात र मध्य प्रदेशका विभिन्न भागबाट पक्राउ गरेको थियो ।

**क्रिकेट**

क्रिकेटमा इंग्लैंडले दोस्रो एकदिवसीय म्याचमा भारतलाई चार विकेटले पराजित गरेको छ । टॉस हारेर पहिलो ब्याटिंग गर्दै भारतिय टोलिले 44 ओवरमा  233 मात्र बनाउन सफल भयो । श्रेयस अय्यरले  66 अनि विराट कोहलीले 65 रन बनाएक थिए । इंग्लैंडको लागि जोफ्रा आर्चर अनि गस एटकिंसनले तीन-तीन विकेट लिएक थिए । साकिब महमूदलाई दुइ  विकेट प्राप्त भएको थियो ।

जवाफी ब्याटिङमा उत्रिएको इंग्ल्यान्डले 45 ओभरमा 6 विकेट गुमाएर लक्ष्य पूरा गर्यो । अनुभवी ब्याट्सम्यान जो रुटले अविजित 99 रन बनाए । बलिङतर्फ भारतका गुरनुर ब्रारले दुई विकेट लिए । खेलको प्लेयर अफ दि म्याच जो रुट घोषित भए ।